आ.व. २०८१/०८२ बगनासकाली गाउँकार्यपालिकाका बैठक संख्या ११

आज मिति २०८१।०९।०८ गतेका दिन यस बगनासकाली गाउँ कार्यपालिकाको आ.व. ०८१/८२ को एघारौं बैठक गाउँपालिका अध्यक्ष श्री सरस्वती दर्लामी (चिदी) ज्यूको अध्यक्षतामा देहायको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न वमोजिम निर्णय गरियो ।

उपस्थिति

| क.स. | वडा नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री सरस्वती दर्लामी (चिदी) | अध्यक्ष | |
| २ | - | श्री हरि प्रसाद पाठक | उपाध्यक्ष | |
| ३ | ३ | श्रीं टिका वहादुर थापा | वडा अध्यक्ष (प्रवक्ता) | |
| ४ | १ | श्री शेर बहादुर चिदी | वडा अध्यक्ष | |
| ५ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ६ | ४ | श्री जित बहादुर कनौजे | वडा अध्यक्ष | |
| ७ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ८ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ९ | ७ | श्री गण बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| १० | ८ | श्री मोतीलाल बस्याल | वडा अध्यक्ष | |
| ११ | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| १२ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १३ | ३ | श्री बसन्ती थापा | का.पा. सदस्य | |
| १४ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १५ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | |
| १६ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १७ | ६ | श्री बोम लाल सुनार | का.पा. सदस्य | |
| १८ | - | श्री खेमराज छिनाल | सचिव | |

अन्य उपस्थिती

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोशल राज पौडेल | लेखा अधिकृत | |
| २ | श्री सुजन घिमिरे | अधिकृत | |
| ३ | | | |

प्रस्तावहरू :

१.समिक्षा सम्वन्धमा ।

२. विद्यार्थी विमा कार्यविधि सम्वन्धमा ।

३. पाल्पा महोत्सव सम्वन्धमा ।

४. हिउँदे अधिवेशन सम्वन्धमा ।

५. विविध

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०८/१९ गतेको कार्यपालिका वैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

१. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका दिवस संयुक्त रुपमा कार्यक्रम सम्पन्न गरियो ।

२. आ.व. २०८१/०८२ को पहिलो चौमासिक समिक्षा मिति २०८१/०८/२१ गते सम्पन्न गरियो ।

३. आ.व. २०८०/०८१ को कार्यसम्पादन र आ.व. २०८१/०८२ को पहिलो चौमासिक कार्यक्रमको सार्वजनिक सुनुवाई मिति २०८१/०९/०७ गते सम्पन्न गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा बगनासकाली गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको सामुहिक दुर्घटना विमा कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८१/०९/०९ गतेदेखि ०९/१८ गतेसम्म संचालन हुने पाल्पा महोत्सवमा कृषि मेला तथा स्थानीय उत्पादनहरु प्रदशनी, बिक्रि वितरणका लागि आयोजकबाट उपलव्ध गरिएका गरिएका स्टलहरु, स्थानीय भाषा, कला, सस्कृतिका लागि भएका सम्पूर्ण कार्यहरुको लागि रू. १,००,०००/-(अक्षेरुपि एक लाख) आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी हिउँदे अधिवेशन (१७ औं गाउँ सभा) मिति २०८१/०९/२८ गते तपसिलको समय र स्थानमा गर्ने निर्णय गरियो ।

तपसिल

समय : बिहान ११:०० बजे स्थान : बगनासकाली गाउँपालिकाको सभाहल

निर्णय नं. ५ विविध

क) कार्य जिम्मेवारी सम्बन्धमा :-

कार्यालयको हिउँदे गाउँसभाको सत्रौं अधिवेशनको बैठक मिति २०८१/०३/०९ गते सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्न कार्यपालिका सदस्य तथा सम्पूर्ण कर्मचारीहरुले आ-आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गरि अधिवेशन सम्पन्न गर्ने निर्णय गरियो ।